apandainik.com
सिरहाको पहिलो ‘क’ वर्गको दैनिक पत्रिका

# अपन दैनिक

Apan Dainik National Newspaper

राष्ट्रिय दैनिक समाचारपत्र

जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१




● वर्षः १२ ● अंकः २५२ ● पृष्ठः ४ ● ११ असोज २०८३ आइतबार (27 September 2026. Sunday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्यः रु.५/

## फेसबुकमै मेयर र वडाध्यक्ष घोषणा, चुनाव आउनुअघि नै ‘विजेता’ तय !

### उम्मेद्वारी टुंगो लाग्नुअघि नै सामाजिक सञ्जालमा बधाईको ओइरो, लाइक-कमेन्टमै मतगणना



**अपन दैनिक संवाददाता**
**सिरहा, असोज १० गते**

स्थानीय तहको निर्वाचनको औपचारिक प्रक्रिया सुरु हुन बाँकी नै छ। निर्वाचन आयोगले उम्मेदवारको अन्तिम सूची सार्वजनिक गर्ने अवस्था त परै जाओस्, धेरै ठाउँमा राजनीतिक दलहरूले समेत उम्मेदवारको औपचारिक टुंगो लगाएका छैनन् । तर सामाजिक सञ्जालमा भने चुनावी माहोल निकै अगाडि बढिसकेको छ।

फेसबुकमा सम्भावित उम्मेदवारका तस्बिर राखेर ‘भावी मेयर’, ‘भावी वडाध्यक्ष’देखि ‘जनताको रोजाइ’सम्मका उपमा दिन थालिएको छ। कतिपयलाई त निर्वाचन नहुँदै ‘मेयरज्यू’ भन्दै बधाई र शुभकामना दिनसमेत सुरु भएको छ।

‘को बन्ला मेयर ?’, ‘कसले राम्रो मेयर चलाउला ?’, ‘मेयरका लागि योग्य व्यक्ति को ?’ जस्ता प्रश्नसहित सम्भावित उम्मेदवारका तस्बिर सार्वजनिक गर्ने क्रम बढ्दो छ। सामाजिक सञ्जालका पोस्ट हेर्दा लाग्छ–निर्वाचन आयोगभन्दा पहिले नै फेसबुकले आफ्नो ‘निर्वाचन आयोग’ गठन गरिसकेको छ।

उम्मेदवार छनोट गर्ने प्रक्रिया राजनीतिक दलको होला, टिकट दिने अधिकार सम्बन्धित पार्टीको होला र अन्तिम निर्णय गर्ने अधिकार मतदाताको होला । तर सामाजिक सञ्जालका केही समर्थकलाई भने यी सबै प्रक्रिया आवश्यक देखिँदैन। कसैको तस्बिर राखेर ‘अबको मेयर’ लेखिदिए पुग्यो । अर्कोले कमेन्टमा ‘मेयरज्यूलाई अग्रिम बधाई’ लेखिदियो। तेस्रोले पोस्ट सेयर गर्दै ‘समयको माग’ भनिदियो। त्यसपछि उम्मेदवारी पनि पक्का, जित पनि पक्का !

त्यसपछि सुरु हुन्छ अर्को चरण–‘भावी मेयर’, ‘जनताको रोजाइ’, ‘मेयरका लागि एक मात्र विकल्प’ । चुनाव आउनुअघि नै फेसबुकको मतगणना पनि सकिन्छ। लाइक, कमेन्ट र सेयरको संख्या हेरेर विजेता घोषणा भइसक्छ।

वडाध्यक्षको अवस्था झन् रोचक देखिन्छ। सम्बन्धित व्यक्ति स्वयं उम्मेदवार बन्ने वा नबन्ने टुंगो नलाग्दै समर्थकहरूले उनलाई ‘भावी वडाध्यक्ष’ बनाइसकेका हुन्छन्।

‘हाम्रो वडाको भावी वडाध्यक्ष’ लेखिएको पोस्ट देखेपछि सम्बन्धित व्यक्तिले समेत सोच्नुपर्ने अवस्था आउन सक्छ–अब पार्टी कार्यालय पुगेर टिकट माग्ने कि फेसबुकको कमेन्टमै धन्यवाद दिने ?

**मतपत्र होइन, पोस्ट; मतगणना होइन, कमेन्ट**

सामाजिक सञ्जालको यो ‘निर्वाचन’मा मतदाता आवश्यक पर्दैन, समर्थक भए पुग्छ। मतपत्र चाहिँदैन, पोस्ट चाहिन्छ। निर्वाचन अधिकृत चाहिँदैन, एडमिन भए पुग्छ। मतगणना केन्द्र चाहिँदैन, कमेन्ट सेक्सन भए पुग्छ।

परिणाम सार्वजनिक गर्न निर्वाचन आयोगको सूचना पनि आवश्यक पर्दैन । ‘बधाई तथा शुभकामना’ लेखिएको एउटा पोस्ट नै पर्याप्त हुन्छ।

तर वास्तविक निर्वाचन भने फेसबुकमा हुँदैन । सामाजिक सञ्जालमा लोकप्रिय हुनु र जनताको मत पाउनु एउटै कुरा होइन । धेरै लाइक, कमेन्ट वा सेयर हुनु

बाँकी पृष्ठ ३ ▸▸

## तीन महिनामा मधेशबाट २७ करोड ८५ लाखको अवैध सामान बरामद



**अपन दैनिक संवाददाता**
**सिरहा, असोज १० गते**

मधेश प्रदेश सरकारले सशस्त्र प्रहरी बललाई २० थान मोटरसाइकल हस्तान्तरण गरेको छ।

मधेश प्रदेश सरकारका गृह, कानुन तथा सञ्चारमन्त्री फकीरा महतोले सशस्त्र प्रहरी बल मधेश प्रदेश प्रमुख डीआइजी विष्णुप्रसाद भट्टलाई मोटरसाइकलको साँचो र ब्लुबुक हस्तान्तरण गरेका हुन्।

सीमा सुरक्षा, शान्ति सुरक्षा तथा नियमित गस्तीलाई थप प्रभावकारी बनाउन सशस्त्र प्रहरीलाई मोटरसाइकल उपलब्ध गराइएको मन्त्रालयले जनाएको छ ।

यसअघि बुधबार मात्रै मधेश प्रदेश सरकारले नेपाल प्रहरीलाई ३५ थान मोटरसाइकल उपलब्ध गराएको थियो।

बाँकी पृष्ठ २ ▸▸

## भोटेकोशी बाढीः चिताको आगो त निभ्यो, मनको आगो कसरी निभ्ला ?

**अपन दैनिक संवाददाता**
**बर्दिबास, असोज १० गते**

रसुवा जलप्रलयले हजारौँको काख रित्याइदियो । सिन्दूर पुछिदियो । छोराछोरीको आमाबुबा खोस्यो, घर उजाड बनायो र हजारौँ मानिसका लाखौँ सपना बगाइदियो। धेरै परिवारले आफ्ना आफन्त गुमाए, तर शवसमेत देख्न पाएनन्। महोत्तरीको मटिहानीका गङ्गाराम मण्डलको परिवारको पीडा पनि तिनैमध्येको एक हो।



रसुवामा आएको विनाशकारी बाढीमा बेपत्ता भएका गङ्गारामको शव अझै फेला परेको छैन । दिन बित्दै गए, खोजीको आशा कमजोर हुँदै गयो। अन्ततः परिवारले मनलाई कडा पारेर एउटा कठोर निर्णय गर्‍यो–कुशको शव बनाएर दाहसंस्कार गर्ने । त्यसैले गङ्गारामको घरमा शनिबार परिवारजन, गाउँले र इष्टमित्र जम्मा भए । सबैका आँखा रसाएका थिए । गाउँलेहरू कुशको प्रतीकात्मक शव लिएर आर्यघाटतर्फ लागे, परिवारजन भावविह्वल भएर रोइरहे।

१७ वर्षीय छोरा आदित्यराज मण्डलले बुबाको त्यही कुशको शवमा मुखाग्नि दिए । बाबुको हात समातेर हिँड्ने उमेरमा उनले आफ्नै बुबाको प्रतीकात्मक शवलाई आगो दिनुपर्‍यो । आगो बलिरह्यो, कुश खरानी बन्दै गयो। तर आदित्यराजको मनमा भने एउटा प्रश्न जीवितै रह्यो– ‘बुबा कहाँ हुनुहुन्छ ?’

पति बेपत्ता भएदेखि गुन्जा देवीका आँखाका आँसु थामिएका छैनन्। झन् शनिबार पतिको अन्तिम मुखसमेत देख्न पाइनन् । आफन्तहरू मौन थिए । गङ्गारामको अन्तिम संस्कार पूरा हुँदै थियो, तर परिवारको मनले उनलाई बिदाइ गर्न सकेको थिएन । प्रत्यक्ष शव नभेटिँदा मृत्यु स्वीकार्न

बाँकी पृष्ठ ३ ▸▸

## सप्तकोशीको बाढीले सप्तरीका १ सय ५७ घर डुबानमा

**अपन दैनिक संवाददाता**
**राजविराज, असोज १० गते**



सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका र हनुमाननगर कंकालिनी नगरपालिकाका १ सय ५७ घर डुबानमा परेका छन् । सप्तकोशी नदीको बाढी पसेर तिलाठी कोइलाडी गाउँपालिका-४ र ५ का १७ वटा घर डुबानमा परेका हुन्।

घर-घरमा एक्कासि बाढी पसेपछि खाद्यान्नमा समेत क्षति पुगेको छ। बाढी घरमा पसेपछि वृद्धवृद्धा र बालबालिकालाई कोशीको पश्चिमी तटबन्धमा सुरक्षित स्थानमा राखिएको छ । बोदेबरसाइनस्थित सशस्त्र प्रहरीको बीओपीसमेत कोशीको बाढीले डुबानमा परेको छ।

बाढीका कारण खानपिनदेखि बस्नसमेत समस्या भएको बाढी पीडित जलेश्वर मुखियाले दुःखेसो गरे। स्थानीय जनप्रतिनिधिले बाढी प्रभावित क्षेत्रको स्थलगत निरीक्षण गरी पीडितलाई सुरक्षित स्थानमा राख्नेदेखि खानपिनको व्यवस्थापन गरिरहेको जनाएका छन् । बाढी प्रभावित क्षेत्रको स्थलगत निरीक्षण गरेर फर्किएको र आवश्यक राहत सामग्री उपलब्ध गराउनेतर्फ जुटेको तिलाठी कोईलाडी ५ का वडाअध्यक्ष ललनप्रसाद राउतले बताए।

यस्तै, हनुमाननगर कंकालिनी नगरपालिका-१२ स्थित कोशी तटीय

बाँकी पृष्ठ ४ ▸▸


## मितव्ययी रूपमा चाडपर्व मनाऔं


- चाडपर्व मनाउदा आम्दानी अनुसारको योजना बनाएर मात्र खर्च गरौं।
- देखासिकी र प्रतिस्पर्धाका लागि ऋण लिएर अनावश्यक खर्च नगरौं।
- आवश्यकता अनुसार मात्र सरसामान खरिद गर्ने बानी बसालौं।
- खरिद गर्दा स्थानीय तथा स्वदेशी उत्पादनलाई प्राथमिकता दिऔं।
- खाना तथा अन्य सामग्री खेर नफालौं।
- मितव्ययिता अपनाई परिवारको आर्थिक स्थायित्व कायम गरौं।
- चाडपर्वलाई अनावश्यक भड्किलो र खर्चिलो नबनाऔं।

**चाडपर्वको खुसी खर्चको प्रतिस्पर्धामा होइन, आत्मीयता र सद्भावमा हुन्छ ।**

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**


## ‘टिकट लिने बेला गगनलाई नेता भन्नेहरूले अहिले गाली गर्ने ?’



**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, असोज १० गते**

नेपाली कांग्रेसका नेता एवं मधेश प्रदेशसभा सदस्य रामसरोज यादवले पार्टी सभापति गगनकुमार थापामाथि गरिएको तल्लो स्तरको टिप्पणीप्रति कडा आपत्ति जनाएका छन्।

जनकपुरधाम उपमहानगर

बाँकी पृष्ठ ३ ▸▸




प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला ।

## सम्पादकीय...

### सरकारी गाडीको दुरुपयोग रोक

सिरहाको औरही गाउँपालिकाकी उपाध्यक्ष रेणु यादवले प्रयोग गर्दै आएको सरकारी स्कार्पियो कार्यालय प्रयोजनबाहेक निरन्तर प्रयोग भइरहेको विषय सार्वजनिक भएपछि गाउँपालिकाले त्यसलाई कार्यालय परिसरमै राख्ने निर्णय गरेको छ। प्रमुख प्रशासकीय अधिकृत देव शरण यादवले कार्यालय प्रयोजनको काम सकिएपछि सरकारी सवारी कार्यालयमै राख्न लिखित निर्देशन दिएका छन् भने गाडी चालकसँग दुरुपयोगबारे स्पष्टीकरणसमेत मागिएको छ। यो कदमलाई एउटा गाउँपालिकाको प्रशासनिक निर्णयका रूपमा मात्र हेर्नु पर्याप्त हुँदैन्। यसले सिरहाका स्थानीय तहमा सरकारी स्रोत–साधनको प्रयोग कसरी भइरहेको छ भन्ने गम्भीर प्रश्न उठाएको छ। सरकारी गाडी कुनै जनप्रतिनिधि वा कर्मचारीको व्यक्तिगत सुविधा होइन्। त्यो करदाताले तिरेको रकमबाट खरिद गरिएको सार्वजनिक सम्पत्ति हो। यसको प्रयोग सार्वजनिक कामका लागि स्पष्ट नियम र जिम्मेवारीका आधारमा हुनुपर्छ। कार्यालयको कामका लागि उपलब्ध गराइएको सवारी निजी आवतजावत, पारिवारिक प्रयोजन वा अन्य गैरसरकारी काममा प्रयोग हुन्छ भने त्यो सार्वजनिक स्रोतको दुरुपयोग हो। सरकारी सवारीको दुरुपयोगसँग जोडिएको अर्को महत्वपूर्ण पक्ष इन्धन खर्च हो। गाडी जति बढी र अनावश्यक रूपमा चल्छ, राज्यको इन्धन खर्च त्यति नै बढ्छ। इन्धनको खर्च पेट्रोल वा डिजेलको मूल्यमा सीमित हुँदैन्। त्यससँग मर्मतसम्भार, चालकको समय, सवारीको घिसावट र अन्य प्रशासनिक खर्च पनि जोडिन्छन्। त्यसैले सरकारी सवारीको अनावश्यक प्रयोग अन्ततः नागरिकले तिरेको करमाथिको अतिरिक्त भार हो।

सिरहाका १७ वटै स्थानीय तहमा सरकारी सवारी र इन्धन खर्चको अवस्था के छ भन्ने विषयमा अब सार्वजनिक रूपमा तथ्यसहित समीक्षा हुन आवश्यक छ। कुन स्थानीय तहमा कति सरकारी सवारी छन्? तीमध्ये कुन सवारी कसले प्रयोग गर्छ? दैनिक वा मासिक रूपमा कति किलोमिटर चल्छन्? कति इन्धन खर्च हुन्छ? इन्धनको बिल र लगबुकबीच तालमेल छ कि छैन्? कार्यालय समयबाहिर सवारी प्रयोग भएको छ कि छैन्? यस्ता प्रश्नको जवाफ सार्वजनिक हुनुपर्छ। यसका लागि स्थानीय तहहरूले सवारीसाधनको लगबुक अनिवार्य र व्यवस्थित बनाउनुपर्छ। सवारी कहाँ, कहिले, कुन प्रयोजनका लागि र कसले प्रयोग गर्‍यो भन्ने विवरण स्पष्ट हुनुपर्छ। इन्धनको अभिलेखलाई सवारीको किलोमिटर र लगबुकसँग मिलान गर्ने व्यवस्था प्रभावकारी बनाउनुपर्छ। नियमित अनुगमन र आन्तरिक लेखापरीक्षणलाई औपचारिकतामा सीमित गर्नु हुँदैन्। सबैभन्दा महत्वपूर्ण कुरा, सरकारी स्रोतको दुरुपयोगमा जिम्मेवारी निर्धारण हुनुपर्छ। जनप्रतिनिधि होस् वा कर्मचारी, सरकारी सम्पत्तिको प्रयोगमा एउटै मापदण्ड लागू हुनुपर्छ। चालकलाई मात्र स्पष्टीकरण सोधेर विषय टुंग्याउनेभन्दा सवारी दुरुपयोगको निर्णय, निर्देशन वा स्वीकृतिमा को–को संलग्न थिए भन्ने पक्षसमेत निष्पक्ष रूपमा छानबिन हुनुपर्छ। दोषी देखिएमा प्रचलित कानुन र स्थानीय तहका नियमअनुसार कारबाही हुनुपर्छ।

स्थानीय सरकार नागरिकको सबैभन्दा नजिकको सरकार हो। त्यसैले त्यहाँ हुने सानो आर्थिक अनुशासनहीनताले पनि नागरिकको विश्वासमा ठूलो असर पार्छ। विकास निर्माण, शिक्षा, स्वास्थ्य, खानेपानी र रोजगारीका लागि पर्याप्त बजेट नभएको गुनासो भइरहेका बेला सार्वजनिक स्रोत अनावश्यक सुविधा र इन्धनमा खर्च हुनु स्वीकार्य हुन सक्दैन्। औरही गाउँपालिकामा सरकारी गाडी कार्यालय परिसरमै राख्ने निर्णयले एउटा सकारात्मक नजिर स्थापित गर्न सक्छ। तर यसको वास्तविक महत्व त्यसबेला मात्र हुन्छ, जब यो निर्णय व्यक्तिविशेष वा तत्कालीन विवादमा सीमित नभई संस्थागत नीति बन्छ। सिरहाका सबै स्थानीय तहले आफ्ना सरकारी सवारी, इन्धन खर्च र प्रयोगसम्बन्धी विवरण सार्वजनिक गर्दै नागरिकप्रति जवाफदेही बन्नुपर्छ। सार्वजनिक पद सुविधा उपभोग गर्ने अधिकार मात्र होइन, सार्वजनिक सम्पत्तिको संरक्षण गर्ने जिम्मेवारी पनि हो। सरकारी गाडी जनताको सम्पत्ति हो। त्यसको चाबी हातमा लिने हरेक जनप्रतिनिधि र कर्मचारीले यो तथ्य सम्झिनुपर्छ। सार्वजनिक स्रोतको संरक्षण, पारदर्शी खर्च र जवाफदेहिताबाटै स्थानीय सरकारप्रतिको नागरिक विश्वास बलियो बन्न सक्छ।


### तीन महिनामा मधेशबाट २७ करोड .............

मन्त्री महतोका अनुसार प्रदेश सरकारले सुरक्षा निकायका लागि थप १० थान मोटरसाइकल आवश्यकताका आधारमा सम्बन्धित स्थानमा उपलब्ध गराउने तयारीसमेत गरेको छ। मन्त्री महतोले प्रदेशका सुरक्षा निकायलाई आवश्यक स्रोतसाधन उपलब्ध गराउँदै सुरक्षा व्यवस्थालाई थप प्रभावकारी बनाउनेतर्फ प्रदेश सरकार केन्द्रित रहेको बताए।

# मिथिलाका ज्वाइँलाई काँचो चामल

राम मन्दिरमा बिहानको पहिलो भोगमा मिठाई होइन, काँचो अरवा चामल र सख्खर चढाउने रोचक परम्परा पुस्तौंदेखि जारी छ ।

✍ वीरेन्द्र रमण



बिहान करिब ७ बजे। जनकपुरधामको राम मन्दिरमा शंखध्वनि र घण्टीको सुमधुर आवाज गुन्जिन थाल्छ। पर्दा लगाइन्छ र भगवान रामको आरती सुरु हुन्छ।

अन्य मन्दिरमा आरती भक्तजनले हेर्न पाउने भए पनि यहाँ पर्दा लगाएर आरती गर्ने चलन छ। मन्दिरका महन्थ राम गिरिका अनुसार यो मन्दिर स्थापनाकालदेखि चल्दै आएको परम्परा हो।

आरतीको अर्को विशेषता अझ रोचक छ। भगवानको अगाडि कुनै मिठाई राखिएको हुँदैन। पित्तलको ठूलो थालमा पानीले धोएको काँचो अरवा चामल र सख्खर राखिएको हुन्छ। आरती सकिएपछि त्यही चामल र सख्खर श्रद्धालुलाई प्रसादका रूपमा बाँडिन्छ।

भगवानलाई बिहानको पहिलो भोग यही हो। त्यसपछि मात्रै प्रतिमामा मिठाई वा भक्तजनले ल्याएका अन्य प्रसाद चढाइन्छ।

मिथिलामा ज्वाइँको सत्कार विशेष मानिन्छ। ज्वाइँ आउँदा अनेकौं परिकारले सजिएको थाली पस्किने चलन छ। अतिथिको सत्कारमै कहलिएको मिथिलामा आफ्नै ज्वाइँको स्वागतमा कमी हुने कुरै भएन।

रामलाई मिथिलाका ज्वाइँ मानिन्छ। तर उनै रामको ससुराली जनकपुरधाममा बिहानको पहिलो भोग अनेकौं परिकार वा मिठाइ होइन– काँचो चामल र सख्खर हो।

महन्थहरूका अनुसार मन्दिरका संस्थापक मानिने चतुर्भुज गिरिले सुरु गरेको यही परम्परा पुस्तान्तरण हुँदै अहिलेसम्म चलिरहेको छ।

#### पहिलो भोगको कथा

जनकपुरधामको राम मन्दिरमा रहेको भगवान रामको प्रतिमासँग एउटा धार्मिक विश्वास जोडिएको छ।

किंवदन्तीअनुसार त्रेतायुगमा सीताको विवाह रामसँग भएपछि बिदाइको बेला छोरी र ज्वाइँबाट अलग हुनुपर्ने पीडाले राजा जनक पटकपटक मुर्च्छित हुन थाले। जनकको करुण वेदना देखेर भगवान रामले विश्वकर्मालाई आफूसँग मिल्दोजुल्दो प्रतिमा बनाउन आज्ञा दिए। विश्वकर्माले प्रतिमा बनाएपछि राजा जनकले छोरी र ज्वाइँलाई बिदाइ गरेको धार्मिक विश्वास छ।

कालान्तरमा जनकपुरधाम घना जंगलमा परिणत हुँदा उक्त प्रतिमा पनि जमिनमुनि पुरिएको विश्वास गरिन्छ।

मन्दिरसँग जोडिएको अर्को कथन चतुर्भुज गिरिको जनकपुर यात्रासँग सम्बन्धित छ। धार्मिक ग्रन्थहरूमा जनकपुरधामको चर्चा सुनेका गिरि दर्शन गर्ने इच्छाले यात्रामा निस्किएका थिए। भारतका विभिन्न तीर्थस्थल घुम्दै उनी जनकपुर आइपुगे। तर त्यसबेला क्षेत्र घना जंगलले ढाकिएकाले उनले जनकपुरधाम पहिचान गर्न सकेनन्।

एउटा रुखमुनि विश्राम गरिरहेका बेला सपनामा त्यही रुखमुनि भगवानको प्रतिमा रहेको र उत्खनन गरेर पूजा गर्न भनिएको मन्दिरमा प्रचलित कथन छ।

घुम्दै हिँड्ने संन्यासी आफू मन्दिर बनाएर पूजा गर्दै एकै ठाउँमा किन बस्ने भन्ने सोचेर गिरिले पहिलोपटक सपना देख्दा उत्खनन गरेनन्। अर्को रात पनि उस्तै सपना आएपछि भने उनले उत्खनन गरे। त्यही क्रममा अहिले राम मन्दिरमा रहेको प्रतिमा भेटिएको विश्वास गरिन्छ।

प्रतिमा भेटिएपछि गिरिका अगाडि अर्को समस्या आयो– भगवानको पूजा कसरी गर्ने र भोग के लगाउने?

आफूसँग भएको झोला खोलेर हेर्दा चामल र सख्खर भेटियो। उनले चामल पानीले पखाले, त्यसमा सख्खर राखे र भगवानलाई भोग लगाए। यही कथनमा आधारित भएर मन्दिरमा पहिलो भोगका रूपमा चामल र सख्खर चढाउने परम्परा सुरु भएको महन्थ राम गिरि बताउँछन्।

अहिले पनि चामल र सख्खर चढाउँदा सोही प्रक्रिया पूरा गरिन्छ। पहिले सुख्खा अरवा चामल सफा पानीले पखालिन्छ। त्यसमा सख्खर राखिन्छ र भगवानलाई भोग लगाइन्छ। मन्दिरमा पूजाका लागि चाँदीका विभिन्न सामग्री छन्, तर चामल र सख्खरको पहिलो भोग भने पित्तलकै थालमा लगाउने चलन छ।

महन्थ गिरिका अनुसार उनले गुरुबाट विधि सिकेका हुन्। एक पुस्ताका महन्थले अर्को पुस्तालाई सिकाउँदै जाँदा पूजाको विधि अहिलेसम्म उस्तै रहेको उनी बताउँछन्। "पूजापाठ भनेको श्रद्धाले गर्ने हो। गुरुले जुन आस्थाका साथ सुरु गर्नुभएको थियो, आज पनि पुस्तान्तरण हुँदै त्यहीअनुसार चल्दै आएको छ," उनी भन्छन्, "यसमा कहिल्यै फेरबदल गरिएन र कहिल्यै गरिने पनि छैन।"

राम मन्दिरछेउ मिठाईका धेरै पसल छन्। तीमध्ये कतिपय मन्दिरकै जग्गामा सञ्चालित छन्। पसले वा भक्तजनले भगवानलाई मिठाई चढाउन ल्याए पनि त्यसलाई पहिलो भोगका रूपमा चढाइँदैन। पहिले चामल र सख्खर चढाइन्छ। त्यसपछि मात्रै मिठाईसहित अन्य प्रसाद चढाउने चलन रहेको राम गिरि बताउँछन्। प्रतिमा फेला परेको विश्वास गरिने ठाउँको रुख पनि अहिले यथावत् रहेको उनी बताउँछन्।

#### पुस्तौंदेखि उही प्रसाद

७५ वर्षीय रामजित यादवलाई बाल्यकालदेखि नै राम मन्दिरको यही प्रसाद सम्झना छ। सानो हुँदा उनी बाबुको औंला समातेर मन्दिर दर्शन गर्न आउँथे। बिहान ७ बजेको आरतीमा पुग्दा दिन प्रसादका रूपमा सख्खरसँग काँचो चामल पाउँथे। उनका बाबु भन्थे, "मिष्ठानको प्रसाद त सबैले चढाउँछन्, यो प्रसाद सबैको भाग्यमा हुँदैन।"

त्यही सम्झनाले यादवलाई अहिले पनि राम मन्दिर पुर्‍याउँछ। बिहान मन्दिर जाँदा उनी चामल र सख्खरकै प्रसाद माग्छन्। "भगवानलाई चढाइने पहिलो र प्रिय प्रसाद यही हो," उनी भन्छन्।

६० वर्षीय व्यवसायी प्रमोद चौधरी पनि आफूले बाल्यकालदेखि यही प्रसाद खाँदै आएको बताउँछन्। पहिलाका महन्थसँग यसको कारण सोध्दा 'गुरुले चलाएको परम्परा हो, हामीले पनि चलाउँदै आएका हौं' भन्ने जवाफ पाएको उनी सम्झन्छन्। पहिले चामल र सख्खर चढाएपछि मात्रै अरू प्रसाद चढाउने परम्परा आफूले थाहा पाएदेखि उस्तै रहेको चौधरी बताउँछन्।

जनकपुरधामको इतिहासबारे लेख्दै आएका साहित्यकार श्यामसुन्दर शशि यहाँका हरेक मठमन्दिरको आफ्नै परम्परा र पूजा पद्धति रहेको बताउँछन्। जनकपुरधाममा साधुका पनि विभिन्न सम्प्रदाय रहेकाले आ–आफ्नो आस्था र परम्पराअनुसार पूजा पद्धति फरक हुने उनको भनाइ छ। "मिथिलाको इतिहास होस् वा मठमन्दिरको पूजापाठ र भक्ति, सबै कुराको लिखित प्रमाण हुँदैन," उनी भन्छन्, "धेरै परम्परा आस्थाको जगमा चल्दै आएका छन्। राम मन्दिरको पूजा पनि त्यसैअनुसार चल्दै आएको हो।"

#### अभिलेखमा राम मन्दिर

चतुर्भुज गिरिले यस स्थानमा खन्ती गाडेर तपस्या गरी बसेपछि राम मन्दिर स्थापना गरेको भनाइ छ। तर त्यसलाई पुष्टि गर्ने लिखित आधार भेटिएको छैन। मन्दिरसँग सम्बन्धित ताम्रपत्र र लालमोहरमा भने विभिन्न कालखण्डमा जग्गा उपलब्ध गराएको विवरण पाइन्छ।

तत्कालीन राजा गीर्वाणयुद्ध वीर विक्रम शाहले गरिदिएको लालमोहरमा वि.सं. १७१४ मा मकवानपुरका राजा इन्द्र विधाता सेन, वि.सं. १८०८ मा हेमकर्ण सेन, वि.सं. १८२६ मा पृथ्वीनारायण शाह र वि.सं. १८३१ मा प्रतापसिंह शाहले कुशबिर्ता दिएको जग्गाको नापजाँच गरी सिमाना छुट्याइएको उल्लेख छ। गीर्वाणयुद्धले पनि कुशबिर्ता दिएको विवरण ताम्रपत्र र लालमोहरमा रहेको बताइन्छ।

जानकी मन्दिरका संस्थापक सुरकिसोर साहले पनि सर्वप्रथम राम मन्दिरको दर्शन गरेपछि हालको जानकी मन्दिर रहेको स्थानमा खन्ती गाडेर तपस्या गरी मन्दिर स्थापना गरेको प्रसंग स्थानीयले सुनाउँछन्। त्यसैका आधारमा राम मन्दिरको स्थापना वि.सं. १७३४ भन्दा अगाडि भएको अनुमान गरिन्छ।

मन्दिरको प्रारम्भिक संरचना कस्तो थियो भन्ने स्पष्ट विवरण छैन। चतुर्भुज गिरिले त्यहाँ सानो मन्दिर बनाएको र त्यो भत्किएपछि मकवानपुरका सेन राजा मानिक सेनले मन्दिर बनाएको महन्थहरूको भनाइ छ। तर त्यसलाई प्रमाणित गर्ने लिखित आधार पनि भेटिएको छैन।

हालको संरचना भने वि.सं. १८३९ मा काजी अमरसिंह थापाले नेपाली शैलीमा निर्माण गर्न लगाएको उल्लेख मन्दिरको दक्षिणतर्फको प्रवेशद्वारको दायाँपट्टि रहेको शिलालेखमा रहेको बताइन्छ। मन्दिरको जीर्णोद्धारपछि शिलालेखका अक्षरसमेत मेटिँदै गएकाले त्यसलाई गुठी संस्थान जनकपुरधाममा राखिएको छ।

मन्दिरको ठीक पछाडि पश्चिमतर्फ एउटा सानो मन्दिरमा प्रस्तरको

बाँकी पृष्ठ ३ ▸▸

## आजको राशिफल

**मेष :** दिन सामान्य छ। विदेशमा गरेको लगानीबाट फाइदा हुनेछ। पेट सम्बन्धी रोगले सताउने खतरा छ।

**बृष :** बोलीलाई नियन्त्रण गर्नुपर्ने दिन छ। तपाईंको बोलीकै कारण आफन्त टाढा हुनेछन्।

**मिथुन :** परिवारसँग बसेर रमाइलो गर्ने दिन छ। राम्रो कामको सुरुवात गरेमा साथीले साथ दिनेछन्।

**कर्कट :** दिन सामान्य छ। आफन्तले सहयोग गर्नेछन्। वैदेशिक रोजगारको लागि प्रयास गरेमा सचेत बन्नुपर्नेछ।

**सिंह :** दिन राम्रो छ। आफन्तले साथ दिनेछन्। स्वास्थ्यमा सुधार हुनेछ। धार्मिक व्यक्तिसँगको भेटले मन हलुका हुनेछ।

**कन्या :** खानपानमा ख्याल नगर्दा स्वास्थ्यमा समस्या हुनसक्छ। आफूले गर्दै गरेको दैनिक कामबाट लाभ हुनेछ।

**तुला :** संगठनका साथीबाट असहयोग हुनेछ। धेरै बोलेर अगाडि बढ्नु राम्रो हुनेछ।

**वृश्चिक :** दिन सहज छ। मन खुशी हुनेछ। लगानीका क्षेत्रबाट राम्रो आम्दानी हुनेछ।

**धनु :** दिन सहज छ। मनमा शान्ति मिल्नेछ। साथीको सहयोगले महत्वपूर्ण काम बन्नेछ।

**मकर :** सल्लाहकारबाट धोका हुने भएकाले सचेत बन्नुपर्नेछ। शारीरिक रुपमा फूर्ति देखिनुहुनेछ।

**कुम्भ :** आम्दानी बढ्नेछ। मन अशान्त बन्नसक्छ। बिहान उठेर शिवको भजन सुन्नु भएमा दिन सहज बन्नेछ।

**मीन :** मनमा खटपटी हुनसक्छ। खानमा रुचि नबढ्ने देखिन्छ। शिक्षामा गरेको लगानीले राहत मिल्नेछ।

**राशिफल जे जस्तो भएपनि तपाईंको दिन शुभ रहोस् ।**

ज्योतिष डा. बिबेक पाण्डेय
जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२

# माग नभएपछि गण्डक नहरको पानी खोलामा झारिँदै



✍ **अपन दैनिक संवाददाता**
**पर्सा, असोज १० गते**

किसानबाट सिँचाइका लागि पानीको माग नआएपछि गण्डक नहरमा आएको पानी विभिन्न खोलामा झार्न थालिएको छ।

लगातारको वर्षाका कारण नहरमा पानीको मात्रा थपिएपछि पर्सा र बाराका विभिन्न स्थानमा नहरको पानी खोलामा निकास दिन थालिएको हो। नारायणी सिँचाइ व्यवस्थापन कार्यालय वीरगन्जका सूचना अधिकृत इन्जिनियर मुकेश ठाकुरका अनुसार हाल पर्सामा सिक्टा र तिलाबे तथा बारामा जमुनी खोलामा गण्डक नहरको पानी झारिएको छ।

खोलामा पानी झार्न थालेपछि हाल नहरमा ४ सय देखि ५ सय क्युसेक सम्म पानी प्रवाह भई रहेको ठाकुरले बताए। गण्डक नहरमा हाल पनि भारतले नेपाल-भारत गण्डक सम्झौता अनुसारकै ८ सय ५० क्युसेक पानी छाडिरहेको छ। तर निरन्तरको वर्षाका कारण नहरमा थप पानी जम्मा हुनुका साथै किसानबाट खेतमा सिँचाइका लागि पानीको माग नआएपछि पानीलाई खोलातर्फ निकास दिनुपरेको ठाकुरले बताए।

नेपाल-भारत गण्डक सम्झौता अनुसार धानबालीका लागि हरेक वर्ष असार १५ देखि असोज १५ सम्म ८ सय ५० क्युसेक पानी उपलब्ध गराउने व्यवस्था छ। गहुँबालीका लागि भने पुस १० देखि आवश्यकताअनुसार पानी उपलब्ध गराउने प्रावधान छ।

नवलपरासीको भैंसालोटनस्थित नेपाल-भारत सीमामा रहेको गण्डक ब्यारेजबाट भारतीय पक्षले नहरमा पानी छाड्ने गर्छ। भारततर्फ करिब ९२ किलोमिटर यात्रा गरेपछि गण्डक नहर पर्साको जगरनाथपुर गाउँपालिका क्षेत्रमा पर्ने जानकीटोलबाट नेपाल प्रवेश गर्छ। नेपालतर्फ गण्डक नहरको लम्बाइ करिब ८१ किलोमिटर छ।

नहरलाई पर्सा, बारा र रौतहटमा १५ वटा ब्लकमा विभाजन गरिएको छ। भारतले निर्माण तथा सञ्चालन गर्दै आएको गण्डक ब्यारेज सन् १९७५ र १९७६ मा दुई चरणमा नेपाल सरकारलाई हस्तान्तरण गरेको थियो।

गण्डक नहरबाट पर्सा, बारा र रौतहटका करिब ३७ हजार ४ सय हेक्टर कृषि जमिनमा सिँचाइ सुविधा पुर्‍याउने लक्ष्य राखिएको छ। तर नहरको अन्तिम क्षेत्र रौतहटसम्म नियमित रूपमा पानी नपुग्ने समस्या अझै समाधान भएको छैन।

नहरको माथिल्लो क्षेत्रमा पानीको माग कम हुँदा निकासका लागि खोलामा पानी झार्नुपर्ने अवस्था आउने गरे पनि तल्लो क्षेत्रमा आवश्यक समयमा पर्याप्त पानी नपुग्ने समस्या भने कायमै छ। यसका कारण गण्डक सिँचाइ आयोजनाले लक्षित गरेको सम्पूर्ण क्षेत्र अझै पूर्ण रूपमा सिँचित हुन सकेको छैन।

# मधेशका निरक्षरलाई ६० घण्टा पढाएर प्रदेशलाई साक्षर घोषणा गर्ने तयारी

✍ **अपन दैनिक संवाददाता**
**जनकपुरधाम, असोज १० गते**

मधेश प्रदेश सरकारले ६० घण्टा पढाएर प्रदेशलाई साक्षर घोषणा गर्ने तयारी गरेको छ। प्रदेशको शिक्षा तथा संस्कृति मन्त्रालयले २०८४ साल असार मसान्तभित्र मधेशलाई 'साक्षर प्रदेश' घोषणा गर्ने लक्ष्यसहित 'साक्षर मधेश प्रदेश घोषणा निर्देशिका, २०८३' स्वीकृत गरेको हो।




भदौ १५ गते मन्त्रीस्तरीय निर्णयबाट स्वीकृत निर्देशिकाअनुसार १५ देखि ६० वर्ष उमेर समूहका निरक्षर नागरिकलाई साक्षर बनाइनेछ। लक्षित उमेर समूहको कम्तीमा ९५ प्रतिशत जनसंख्या साक्षर भएपछि वडा, स्थानीय तह, जिल्ला हुँदै प्रदेशलाई साक्षर घोषणा गर्न सकिने व्यवस्था गरिएको छ। देशभरका ७७ मध्ये ९ जिल्ला साक्षर घोषणा नभएकोमा मधेश प्रदेशका आठै जिल्ला अझै साक्षर घोषणा हुन बाँकी छन्।

निर्देशिकाअनुसार कक्षा १० देखि १२ सम्म अध्ययनरत विद्यार्थीलाई स्वयंसेवक सहजकर्ताका रूपमा परिचालन गरिनेछ। एक जना विद्यार्थीले एक जना वा समूहमा बढीमा पाँच जनासम्म निरक्षरलाई दैनिक दुई घण्टाका दरले ३० कार्यदिन अर्थात् कुल ६० घण्टा पढाउने योजना छ। कक्षा गैरसरकारी संघसंस्था वा साझेदार संस्थामार्फत सञ्चालन गरिनेछ।

नेपाल सरकारले तोकेका १२ साक्षरता सूचकमध्ये कम्तीमा ६ वटा पूरा गरे व्यक्तिलाई साक्षर मानिनेछ। मातृभाषामा साक्षरता सीप हासिल गरेकालाई समेत साक्षरसरह गणना गर्ने व्यवस्था छ।

विद्यार्थी स्वयं परीक्षा तथा अध्ययनको दबाबमा रहेका बेला एकदिने अभिमुखीकरणका आधारमा उनीहरूलाई सहजकर्ता बनाउने व्यवस्था निर्देशिकामा रहेको छ।

निर्देशिकाले स्थानीय तहको ९५ प्रतिशत जनसंख्या साक्षर भए कुनै वडा साक्षर घोषणा नभए पनि स्थानीय तहलाई साक्षर घोषणा गर्न सकिने व्यवस्था गरेको छ।

## 'टिकट लिने बेला गगनलाई नेता भन्नेहरूले ............

अधिवेशनलाई सम्बोधन गर्दै उनले सभापति थापालाई 'ग्याङ्स्टर' भनी आरोप लगाउनेहरूलाई 'विनाशकाले विपरीत बुद्धि' भन्दै कटाक्ष गरेका हुन्।

नेता यादवले नाम नलिई कांग्रेसका एक पूर्वउपसभापतिप्रति लक्षित गर्दै पार्टीका जिम्मेवार तहमा रहेका नेताहरूको पछिल्लो अभिव्यक्ति 'बौखलाहट' र 'नैतिकताविहीन' भएको आरोप लगाए। डिजिटल युगमा कसैको पनि विगत र वर्तमानका अभिव्यक्ति लुक्न नसक्ने भन्दै उनले चेतावनीको भाषा प्रयोग गरे।

यादवले भने, 'विनाश आउने बेलामा बुद्धि बिग्रिन्छ, हाम्रा यहाँका नेता त्यही नियतिको सिकार भएका छन्। जसले महामन्त्री थापालाई ग्याङ्स्टर भन्छन्, उनीहरूको शब्द चयन नै दुर्भाग्यपूर्ण छ। टिकट लिने बेलामा गगन थापालाई मेरो नेता र भावी प्रधानमन्त्री भन्दै हिँड्नेहरू, आज त्यही व्यक्तिलाई गाली गरेर आफ्नो इमानदारिता प्रदर्शन गर्दै छन्?'

कांग्रेस एक लोकतान्त्रिक पार्टी भएकाले राजनीतिमा नैतिकता र इमानदारिता सर्वोपरि हुनुपर्ने उनको भनाइ छ। पुरानो 'ब्याज' खाएर राजनीति गरिरहेका पुराना पुस्ताका नेताहरूले अब युवा पुस्ताका लागि ठाउँ खाली गरिदिनुपर्नेमा उनले जोड दिए। देशको हरेक राजनीतिक परिवर्तनमा युवाहरूको भूमिका अग्रणी रहेकाले अबको राजनीतिले पनि युवा नेतृत्वलाई नै अवसर दिनुपर्ने यादवले बताए।

सार्वजनिक मञ्चबाट प्रयोग गरिने अमर्यादित शब्दहरूले कार्यकर्तामा गलत सन्देश जाने भन्दै उनले नेताहरूलाई संयमित हुन आग्रह गरे।

## मिथिलाका ज्वाइँलाई काँचो ............

आकर्षक योगमायाको मूर्ति छ। त्यसलाई विद्वानहरूले 'उद्योजात'को मूर्ति मान्ने गरेको र कपिलेश्वर मन्दिरबाट ल्याइएको जानकारी पाइन्छ। त्यसलाई बुद्धजननी मायादेवीको मूर्तिका रूपमा पनि चिनाइन्छ।

राम मन्दिरको दक्षिणतर्फ सन्त चतुर्भुज गिरिले समाधि लिएको भनिएको स्थानमा मन्दिर छ। परिसरमा विभिन्न देवीदेवताका मन्दिर छन्, जसमध्ये धेरै शिवसँग सम्बन्धित छन्। अर्कोतर्फ मन्दिरका विभिन्न महन्थले समाधि लिएका स्थानमा पनि मन्दिर निर्माण गरिएका छन्। राम मन्दिरको सञ्चालन गुठी संस्थानले गर्दै आएको छ।

❍ ग्राहक बन्नु परेमा।
❍ नवीकरण गर्नु परेमा।
❍ ठेगाना परिवर्तन भएमा।
❍ पत्रिका नियमित नआएमा।
सिधा सम्पर्क ०३३-५२१२१४

## भोटेकोशी बाढी: चिताको आगो त ............

जोकोहीलाई कठिन हुन्छ, र मनबाट आशा मार्न पनि। रसुवा बाढीले गङ्गारामलाई बेपत्ता मात्र बनाएन, एउटा परिवारबाट अन्तिम बिदाइको अधिकारसमेत खोसिदियो। कुशको शवमा गरिएको त्यो दाहसंस्कार एउटा परिवारको कथा मात्र होइन, विपत्तिले छोडेर गएको गहिरो मानवीय घाउको प्रतीक हो।

आर्यघाटको आगो त निभेको छ, तर मण्डल परिवारको मनमा सल्किएको कारुणिक व्यथाको आगो कहिले निभ्ला? त्यो भने भन्न सकिँदैन। काठमाडौंबाट रसुवा हुँदै पर्यटकलाई मानसरोवर यात्रा गराउने संस्थामा कुकका रूपमा कार्यरत गङ्गारामले भदौ ९ गते परिवारसँग अन्तिमपटक कुराकानी गरेका थिए। रिचा ट्रेकु नामक संस्थामा काम गर्ने उनी त्यसपछि सम्पर्कविहीन भए। एक महिनाअघि पहाडमा आएको ज्यानमारा बाढीले तराईका बस्तीहरूमा रुवाबासी गराएको यो एउटा प्रतिनिधि घटना मात्र हो।

## फेसबुकमै मेयर र वडाध्यक्ष घोषणा, चुनाव ..............

मतदाताको वास्तविक प्राथमिकताको आधिकारिक मापन पनि होइन।

स्थानीय निर्वाचनमा अन्तिम निर्णय मतदाताले गर्छन्। त्यसैले निर्वाचनको औपचारिक प्रक्रिया सुरु हुनुअघि नै सामाजिक सञ्जालमा मेयर र वडाध्यक्ष घोषणा गर्ने हतारको अर्थ के हो भन्ने प्रश्न स्वाभाविक रूपमा उठ्छ।

लोकतान्त्रिक निर्वाचनमा उम्मेदवार बन्ने आकांक्षा राख्नु, आफ्नो एजेन्डा सार्वजनिक गर्नु र जनताबीच बहस चलाउनु स्वाभाविक प्रक्रिया हो। तर उम्मेदवारी, योग्यता, राजनीतिक दलको निर्णय र अन्ततः मतदाताको फैसला हुनुअघि नै सामाजिक सञ्जालबाट 'निर्वाचित' घोषणा गरिनु भने लोकतान्त्रिक प्रक्रियाभन्दा प्रचारको होड बढी देखिन सक्छ।

**फेसबुकको जित, अब मतपेटिकाको परीक्षा**

फेसबुकको निर्वाचनमा त कतिपय 'मेयर' भइसके। अब वास्तविक निर्वाचनको पालो आउँदा फेसबुकले आफ्ना 'निर्वाचित मेयर'लाई राजनीतिक दलबाट टिकट पनि दिलाउँछ कि फेरि नयाँ उम्मेदवार खोज्नुपर्छ–त्यो भने हेर्न बाँकी छ।

त्यतिन्जेल सामाजिक सञ्जालमा चुनावी अभियान जारी रहोस्। पोस्ट बढिरहून्, तस्बिर फेरिइरहून्, 'भावी मेयर' थपिँदै जाऊन् र 'भावी वडाध्यक्ष'को सूची पनि लामो हुँदै जाओस्।

किनकि वास्तविक निर्वाचन आउनुअघि नै फेसबुकमा चुनाव जित्नु पनि कतिपयका लागि एउटा उपलब्धि नै हो।

कम्तीमा फेसबुकको सरकारमा त उनीहरू निर्विरोध निर्वाचित भइसकेका छन्!







# नेपाल ल्युब र जनकपुर बोल्ट्सबीचको साझेदारीलाई निरन्तरता

अपन दैनिक संवाददाता
काठमाडौं, असोज १० गते

नेपाल प्रिमियर लिग (एनपीएल) को तेस्रो संस्करणका लागि गल्फ ल्युब्रिकेन्ट्स र जनकपुर बोल्ट्सबीचको साझेदारी नवीकरण भएको छ।

नेपाल ल्युब आयल लिमिटेड (एनएलओएल) ले जनकपुर बोल्ट्ससँगको सहकार्यलाई निरन्तरता दिँदै गल्फ ल्युब्रिकेन्ट्सलाई टोलीको 'अफिसियल ल्युब्रिकेन्ट पार्टनर' का रूपमा कायम राखेको हो।



झम्सिखेलस्थित द प्लाजामा आयोजित सम्झौता हस्ताक्षर समारोहमा साझेदारी नवीकरणको औपचारिक घोषणा गरिएको हो। सोही अवसरमा जनकपुर बोल्ट्सको रङमा तयार पारिएको गल्फ प्राइड ४टी प्लस २०डब्ल्यू-५० को सीमित 'स्पेसल एडिसन प्याक' पनि सार्वजनिक गरिएको छ।

तेस्रो सिजनको साझेदारी 'गल्फ पावर्ड बोल्ट्स' थिमअन्तर्गत सञ्चालन हुनेछ। अभियानमार्फत प्रायोजन र ब्रान्ड दृश्यतामा मात्र सीमित नरही क्रिकेटप्रेमी, उपभोक्ता, खुद्रा विक्रेता, मेकानिक तथा व्यावसायिक साझेदारसँग प्रत्यक्ष सम्बन्ध विस्तार गर्ने लक्ष्य राखिएको छ।

नेपाल ल्युब आयल लिमिटेडका अध्यक्ष तथा प्रमुख कार्यकारी अधिकृत करण कुमार चौधरीले जनकपुर बोल्ट्ससँगको सम्बन्ध ब्रान्ड प्रवर्द्धनमा मात्र सीमित नभएको बताए। उनले टिमसँगै मधेशको समुदायसँग पनि जोडिएको सम्बन्धलाई तेस्रो सिजनमा थप बलियो बनाउने बताए।

जनकपुर बोल्ट्सका प्रमुख कार्यकारी अधिकृत निरोज खतिवडाले पनि गल्फले टोलीको यात्राका विभिन्न चरणमा निरन्तर साथ दिएको बताए। एनपीएलको पहिलो संस्करणको उपाधि जित्दादेखि कठिन अवस्थासम्म गल्फको विश्वास कायम रहेको भन्दै उनले साझेदारीलाई आगामी सिजनमा थप मजबुत बनाउने बताए।

जनकपुर बोल्ट्सको पहिचान र रङलाई आधार बनाएर तयार गरिएको गल्फ प्राइड ४टी प्लस २०डब्ल्यू-५० को स्पेसल एडिसन प्याक सीमित संख्यामा बजारमा उपलब्ध हुनेछ। यो प्याक २०८३ असोज १५ देखि मंसिर १४ गतेसम्म बजारमा उपलब्ध हुने जनाइएको छ।

नेपाल ल्युब आयल लिमिटेडका डीजीएम-सेल्स एन्ड मार्केटिङ दिवाकर मिश्रले स्पेसल एडिसनमार्फत साझेदारीलाई ब्रान्ड दृश्यतामा मात्र सीमित नराखी बजारसँग प्रत्यक्ष सम्बन्ध स्थापित गर्ने उद्देश्य रहेको बताए।

अभियान अवधिभर स्पेसल एडिसन प्याकको सबैभन्दा बढी बिक्री गर्ने खुद्रा विक्रेतालाई सम्मान गर्न गल्फले 'रिटेलर लिडरबोर्ड' कार्यक्रमसमेत सञ्चालन गर्ने जनाएको छ।

तेस्रो सिजनको साझेदारीअन्तर्गत डिजिटल प्लेटफर्म, खेलदिवसका गतिविधि तथा गल्फको बजार सञ्जालमार्फत विभिन्न उपभोक्ता तथा बजारकेन्द्रित कार्यक्रम सञ्चालन गरिनेछ।

एनपीएलको तेस्रो संस्करण आगामी अक्टोबर २६ देखि नोभेम्बर २१, २०२६ सम्म सञ्चालन हुने तय गरिएको छ।

नेपाल ल्युब आयल लिमिटेड गल्फ आयल इन्टरनेसनलको इजाजतप्राप्त कम्पनी हो। कम्पनीले नेपालमा गल्फ ल्युब्रिकेन्ट्सको उत्पादन तथा वितरण गर्दै आएको छ।




# विदेशमा रहेका नेपालीका मताधिकारबारे परामर्श गर्दै निर्वाचन आयोग

अपन दैनिक संवाददाता
सिरहा, असोज १० गते

निर्वाचन आयोगले विदेशमा रहेका नेपाली नागरिकलाई मतदानमा सहभागी गराउने विषयमा छलफल चलाइरहेको छ।




विदेशमा रहेका नेपाली नागरिकलाई मताधिकार दिने सवालमा प्रमुख आयुक्त मानबहादुर कार्कीसहितका पदाधिकारीले सरोकारवाला एवं जानकारहरूसँग छलफल गरिरहेको आयोगले जनाएको छ।

आयोगले सम्बन्धित मुलुकमा रहेका नेपाली नागरिकको सङ्ख्या, मतदाता नामावली सङ्कलनको सम्भावित प्रक्रिया, मतदानको सम्भावित विधि तथा निर्वाचन सञ्चालनमा कूटनीतिक नियोगको भूमिकाबारे विचारविमर्श गरिरहेको आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले बताए।

उनका अनुसार विदेशमा रहेका नेपालीको यकीन विवरण सङ्कलन, उनीहरूलाई मतदाता नामावलीमा समेट्ने प्रक्रिया, मतदान केन्द्रको सम्भावित व्यवस्था तथा मतदानपछि मतपत्र व्यवस्थापनलगायत प्राविधिक र प्रशासनिक पक्षमा समेत आयोगले छलफल चलाएको छ।

यसै सन्दर्भमा आयोगले परराष्ट्र मन्त्रालयको सहजीकरणमा हालै विभिन्न मुलुकस्थित नेपाली राजदूतावास तथा कूटनीतिक नियोगका प्रमुखसँग छलफल गरेको प्रवक्ता भट्टराईले बताए।

आयोगको आफ्नै अध्ययन सामग्रीमा पनि विभिन्न मुलुकले विदेशस्थित दूतावास तथा कन्सुलेटमा मतदान केन्द्र स्थापना गर्ने, हुलाकमार्फत मतदान गराउने, प्रतिनिधिमार्फत मतदान गर्ने तथा विद्युतीय वा मिश्रित विधि अपनाउने विकल्प र सोका लागि आवश्यक कानुनी र नीतिगत परिवर्तनको अध्ययन पनि गरिरहेको उनले जानकारी दिए।

# 'अझै ३-४ दिन धान नकाटौँ'

अपन दैनिक संवाददाता
सिरहा, असोज १० गते

जल तथा मौसम विज्ञान विभागले किसानलाई धान नकाट्न आग्रह गरेको छ।



देशका विभिन्न भागमा जारी अविरल वर्षाका कारण बाढी र पहिरोको जोखिम बढेपछि जल तथा मौसम विज्ञान विभागले विशेष सतर्कता अपनाउन सर्वसाधारणलाई आग्रह गरेको हो। विभागका मौसमविद् रोजन लामिछानेले मौसममा सुधार नआएसम्म किसानलाई धान नकाट्न र नदी तटीय क्षेत्रका बासिन्दालाई उच्च सतर्कता अपनाउन सुझाव दिए।

मौसमविद् लामिछानेले हालको प्रतिकूल मौसममा हतार गर्दा बाली र जनधनको क्षति हुनसक्ने भएकाले मौसम खुलेपछि मात्र धान काट्ने योजना बनाउन किसानलाई आग्रह गरे। उनले विशेष गरी जमिन चिरा परेको वा सानो पहिरो देखिएको क्षेत्रमा जोखिम उच्च हुने भन्दै त्यस्ता स्थानका बासिन्दालाई तुरुन्त सुरक्षित स्थानमा सर्न र छिमेकीलाई सचेत गराउन अनुरोध गरे।

यसैगरी नदी तथा खोला किनारमा बसोवास गर्ने समुदायलाई जलसतह बढ्दा थप सजग रहन भनिएको छ। स्थानीय प्रशासन र प्रहरीले गर्ने माइकिङ तथा साइरनलाई बेवास्ता नगर्न विभागले जोड दिएको छ।

विपद्को समयमा सूचनाको पहुँच महत्वपूर्ण हुने भएकाले सर्वसाधारणलाई मौसमसम्बन्धी पछिल्लो अपडेट नियमित रूपमा हेर्न र कुनै पनि जिज्ञासा वा सूचनाका लागि विभागको टोल फ्री नम्बर ११५५ मा सम्पर्क गर्न आग्रह गरिएको छ।

# संयुक्त राष्ट्रसंघको महासभामा सहभागी भएर स्वदेश फर्किए प्रधानमन्त्री शाह

अपन दैनिक संवाददाता
सिरहा, असोज १० गते

प्रधानमन्त्री बालेन शाह संयुक्त राष्ट्रसंघको ८१औं महासभामा सहभागी स्वदेश फर्किएका छन्। उनी केहीबेर अघिमात्रै त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण गरेका हुन्।




उनलाई स्वागत गर्न विमानस्थलमा कार्यवाहक प्रधानमन्त्री समेत रहेका अर्थमन्त्री डा. स्वर्णिम वाग्ले, गृहमन्त्री सुधन गुरुङ र संस्कृति, नागरिक तथा उड्डयनमन्त्री खडकराज पौडेल पुगेका थिए।

महासभामा सहभागी हुन प्रधानमन्त्री शाह गत मंगलबार साँझ अमेरिका प्रस्थान गरेका थिए। उनले ८ गते महासभालाई सम्बोधन गरेका थिए।

महासभामा सहभागी हुने क्रममा प्रधानमन्त्री शाहले विभिन्न देशका प्रतिनिधि तथा अन्तर्राष्ट्रिय समुदायका प्रतिनिधिसँग भेटवार्तासमेत गरेका थिए। महासभामा उनले नेपालको प्राथमिकता र अन्तर्राष्ट्रिय समुदायसँगको सहकार्यबारे धारणा राखेका थिए।

महासभालाई सम्बोधन गर्दै प्रधानमन्त्री शाहले नेपालमा हालै आएको भोटेकोशी-त्रिशूली बाढीलाई जलवायु परिवर्तनले निम्त्याइरहेको संकटको उदाहरणका रूपमा प्रस्तुत गरेका थिए।

उनले हिमाली क्षेत्रमा बढ्दो जोखिमप्रति अन्तर्राष्ट्रिय समुदायको ध्यानाकर्षण गराउँदै जलवायु संकट सिर्जना गर्न कम योगदान गरेका नेपालजस्ता देशले त्यसको ठूलो मूल्य चुकाइरहेको बताएका थिए। साथै, 'जलवायु परिवर्तनले सीमा चिन्दैन' भन्दै हिमनदी पग्लिने, पहिरो र बाढीजस्ता जोखिम नेपालसँगै चीन र भारतसम्म फैलिएको उनले बताएका थिए।

प्रधानमन्त्री शाहले जलवायु न्यायलाई आर्थिक सहयोगमा मात्रै सीमित गर्न नहुने धारणा राखेका थिए।

उनले हिमाली समुदाय, साना टापु राष्ट्र, भूपरिवेष्टित तथा अति कम विकसित देश र भावी पुस्ताको आवाजलाई पनि अन्तर्राष्ट्रिय निर्णय प्रक्रियामा समान महत्त्व दिनुपर्ने बताएका थिए।

## सप्तकोशीको बाढीले सप्तरीका १ सय ५७ घर ............

क्षेत्रमा ८० वटा घरमा बाढी पसेको छ। वडा १३ स्थित गोबरगाढाका ६० वटा घरसमेत डुबानमा परेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी उपरीक्षक रुपक खड्काले जानकारी दिए। घर-घरमा बाढी पसेपछि स्थानीयलाई खाना पकाउनदेखि बस्नसमेत समस्या भएको छ। पीडितहरू अग्लो स्थानमा आश्रय लिएर बसिरहेका छन्। कोशी नदीमा प्रतिसेकेन्ड ३ लाख क्युसेक बहाव पुग्नेबित्तिकै यस क्षेत्रमा बर्सेनि बाढी पस्ने गरेको छ।

## शैक्षिक प्रमाणपत्र हराएको सूचना

मिति २०८३/०६/०६ गते घरबाट लाहान जाने क्रममा मेरो +2 को माइग्रेसन सर्टिफिकेट हराएको हुँदा उक्त कागजात कसैले फेला पार्नुभएको भए कृपया तल उल्लेखित सम्पर्क नम्बरमा जानकारी गराइदिनुहुन अनुरोध गर्दछु।

**नाम**: मो. मजीबुर रहमान
**ठेगाना**: मिर्चैया-६ जिवा रोड, सिरहा **सम्पर्क नं.**: ९७०३८४८६२२
**रजिस्ट्रेशन नं.** ७३०५५६२१९ **सिम्बोल नं.**: २०५०७६०१

